# अन्तिम लेखापरीक्षण प्रतिवेदन

वुलिङटार गाउँपालिका,नवलपरासी(व.सु.पुर्व)

# आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
वुलिङटार गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी (व.सु.पुर्व)।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 426
4262415, 426
Fax: 977-1-426
977-1-426
Post Box: 1
बबरमहल, काठमाडौं,


पत्र संख्याः २०७८/७९   च.नं.:११२   मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
वुलिङटार गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी (व.सु.पुर्व)।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले वुलिङटार गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु २ करोड ५७ लाख १७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३८ लाख ३६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३३ लाख ७१ हजार नियमित गर्नुपर्ने रु.१ करोड ७६ लाख २७ हजार र पेस्की बाँकी रु.८ लाख ८२ हजार रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।११।२८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २३(तेइस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यकारिणी, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्तले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# लेखापरीपरीक्षण प्रतिवेदन

पालिकाको आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

प्राप्ती र भुक्तानी हिसाव

| क.स | विवरण | आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | | ० | रकम | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ० | ४३२५१९५९.३२ | चालु खर्च | १५६४६४४३०.४ |
| | | | | | |
| | क.नगद | ० | ० | पूजीगत खर्च | ७६८८१००३ |
| | ख.वैक | ४३२५१९५९.३२ | ० | प्रकोप व्यवस्थापन कोष खर्च | ८२८२३६७ |
| २ | राजश्व (आन्तरिक आय) | १०३६२५६० | १२०९२०७८ | वित्तिय व्यवस्था भुक्तानि | ० |
| | क.आन्तरिक राजश्व | १७२९५१८ | ० | क.ऋण/ब्याज भुक्तानी | ० |
| | ख.राजश्व बाडफांड | ४५६१६६००.०६ | ४५६१६६००.०६ | ख.ब्याज भुक्तानी | ० |
| | ग.अन्य आय | ३३५०५५७ | ३३५०५५७ | लगानी | ० |
| ३ | वित्तिय हस्तान्तरण | ० | २१७८५१००० | | ० |
| | क.वित्तिय समानिकरण अनुदान | ८०१००००० | ० | ऋण लगानी | ० |
| | ख.सशर्त अनुदान | १३७७५१००० | ० | अन्य लगानी | ० |
| | ग.समपुरक अनुदान | ० | ० | फिर्ता खर्च | २०३४८३१८ |
| | घ.विशेष अनुदान | ० | ० | धरौटी फिर्ता | २८०००० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | १७१३७००० | | ० |
| | क.वित्तिय समानिकरण अनुदान | १२१३७००० | ० | ससर्त अनुदान फिर्ता | ५०००००० |
| | ख.सशर्त /समपुरक/विशेष अनुदान | ५०००००० | ० | LGCDP को रकम | ० |
| | ग.राजश्व बांडफांड | २५१२००० | २५१२००० | अर्थ बजेट | ० |
| | अर्थ बजेट | ० | ० | | ० |
| ५ | अन्तर स्थानिय तहबाट प्राप्त | ० | ० | कोष खर्च | ० |
| ६ | वित्तिय व्यवस्था प्राप्ति | ० | ० | मौज्दात | ० |
| | क.ऋण/सावां/ब्याज प्राप्ति | ० | ० | वैक मौज्दात(धरौटी तथा कोष खाता सहित) | ८४८९४९४३ |
| | ख.अन्य प्राप्ति | ० | ० | प्रकोप व्यवस्थापन मौज्दात | १३०२१९० |
| ७ | जनसहभागिता नगद विषयगत निकायबाट | ० | ० | | ० |
| ८ | प्रकोप व्यवस्थापन कोष | ९५८४५५७ | ९५८४५५७ | | ० |
| ९ | सामाजिक सुरक्षा | ० | ० | | ० |
| ११ | धरौटी आय | २०५७५०० | २०५७५०० | | ० |
| | जम्मा | ३५३४५३२५१.३८ | ३५३४५३२५१.३८ | जम्मा | ३५३४५३२५१.४ |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिकामा ६ वटा वडा र १४७.६८वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।</td><td></td></tr>
<tr><td></td><td>असुलीः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भएपश्चात प्रतिक्रियावाट रु.९ हजार असुली भई सम्वन्धित राजश्व शिर्षकमा दाखिला भएको छ।</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरणको विश्लेषणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
<ul>
<li>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।</li>
<li>पालिकाले पालिकामा प्राप्त भएका सम्पुर्ण आम्दानीलाई सञ्चित कोषमा आम्दानी नवाँधी सोझै वैंक जम्मा गराउने गरेकोले पालिकाले पेश गरेको वित्तिय विवरणले यथार्थ अवस्था चित्रण गर्दैन।</li>
<li>पालिकाको श्रेस्ता र वैंक मौज्दात विच निम्नानुसारको फरक देखिएकोले फरक पर्नुको कारण पत्ता लगाई वैंक हिसाव मिलान गर्नुपर्ने देखिन्छ।</li>
</ul>
<table>
<tr><th>वैंक स्टेटमेन्ट अनुसारको मौज्दात (पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसारको वैक मौज्दात)</th><th>सुत्रको वित्तिय प्रतिवेदन अनुसार वैक मौज्दात</th><th>फरक रकम</th></tr>
<tr><td>८६१९७१३३</td><td>५९१९११००।२७</td><td>२७००६०३२।७३</td></tr>
</table>
<ul>
<li>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएता पनि सोले देखाएको वित्तिय प्रतिवेदन यथार्थ रहेको पाईएन।</li>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार वजेट तयार तथा कार्यान्वयन दुवै गरेको छैन जसले चालु प्रकृतिका काम पूँजीगतमा तथा पूँजीगत कार्यलाइ चालु खर्च शिर्षकमा राखी खर्च गरेको पाइयो।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</li>
</ul></td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।</li>
</ul></td><td></td></tr>
</table>

- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि पालिकाले सञ्चित कोषमा रकम ट्रान्सफर गरेको पाइएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।
- दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न

सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा सोको पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत ४४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ३० पदपूर्ती भएको १४ दरवन्दी रिक्त रहेकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था अनुसार योजना तर्जुमा तथा कार्यन्वयन गरेको पाइएन।
- फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन।
- सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी २०७५ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण वैंकिङ्ग प्रणालीअनुसार गर्नुपर्नेमा पालिकाले हालसम्म पनि वैंकिङ्ग प्रणालिवाट सामाजिक सुरक्षा भत्ता वितरण गरेको छैन।
- सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा

गाउँपालिकामा उक्त शर्तअनुसार बैंकबाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।

- गाउँपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा रु.३१ करोड ८१ लाख ५१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ।बजेट पारित पश्चात गाउँपालिका अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यस्था भएता पनि सोअनुसार गरको पाइएन।

४. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ।त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ।

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| समानीकरण पुँजीगत | ७२९४६३२६ | ० | ४३२५०६९ | ६८६२१२५७ | ६०७७४३६६ |
| खर्चको प्रतिशत | १०० | ० | ५.९३ | ९४.०७ | ८३.३१ |

५. **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ।नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ।कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १६ लाख २१ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन।जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन।यसमा सुधार गर्नुपर्ने देखिन्छ।

६. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | ववरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ३७ | ३४४०००० |
| २ | रु एक लाखएक देखि पाँच लाख सम्मका योजना | ८७ | २८०१३००० |
| ३ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | ३५ | २९९००००० |
| ४ | दश लाख एकदेखि ५० लाख सम्मा योजना | २१ | ४८८००००० |
| ५ | ५० लाखभन्दा माथिका योजनाहरु | २ | २३०००००० |
| | जम्मा | १८२ | १३३१५३००० |

७. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म र मृत्यु दर्ता ७१८,नाता प्रमाणित १९१, घरवाटो सिफारिस २०७, नागरिकता सिफारिस ३८९, अन्य १८८७ वटा दर्ता गरेको पाइयो। अन्यमा १८८७ वटा देखाइएकोमा अन्य कुन-कुनमा हो भनी यकिन हुन सकेन। पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा अभिलेख राखेको छैन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

८. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३१४२६००० | १८४८७७९२ | ७.८३ |
| सामाजिक क्षेत्र | २०९७४३००० | १४८४३७१९० | ६२.९२ |
| पूर्वाधार विकास क्षेत्र | ७८९५५००० | २९४१६३५७ | १२.४७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६०६२००० | ४७१५७२८ | १.९९ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ४२५३७००० | ३४८३६३८२ | १४.७९ |
| जम्मा | ३६८७२३००० | २३५८९३४४९ | १०० |

९. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १ करोड १२ लाख ९६ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु २५ करोड १२ लाख ५९ हजार समेत रु २६ करोड २५ लाख ५५ हजार आम्दानी भएकोमा चालु तर्फ रु १५ करोड ९० लाख १२ हजार र पूँजिगत तर्फ रु ७ करोड ६८ लाख ८१ हजार समेत रु२३ करोड ५८ लाख ९३ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.७८ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु ५४लाख खर्च भएको छ जुन आन्तरिक आयको ४७.८० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.४१ प्रतिशत चालु र ३२.५९ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। पालिकाले आन्तरिक आय वृद्धि गरी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१०. **जग्गा उपयोग मापदण्डः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन। स्थानीय तहले आफ्नो सवै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा वन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृती, समान ढाँचाको नमुना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना

| | | |
|---|---|---|
| | प्राविधिक कर्मचारीवाट नक्सा तयार गराई निःशुल्क उपालव्ध गराउने व्यवस्था रहकोमा कार्यान्वयन भएको देखिएन। जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृती वमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |
| ११. | **आन्तरिक आयतर्फ** : स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था रहेको छ। तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष पालिकाले ढुंगा गिटी वालुवा र विविध सिफारिस दस्तुरमा आन्तरिक आयवापत रु.१ करोड १२ लाख ९६ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १२. | **आन्तरिक आयको विश्लेषणः** पालिकाले उपलव्ध गराएको एकिकृत वित्तिय विवरण अनुसार यस आर्थिक वर्षमा पालिकाले रु १ करोड १२ लाख ९६ हजार वास्तविक आन्तरिक आय प्राप्त गरेकोमा सुत्रको वित्तिय विवरणको अनुसुची ११ मा प्राप्त भएको आन्तरिक राजस्व रु४ करोड ९५ लाख २६ हजार देखाएको छ। सुत्रले देखाएको वित्तिय विवरणमा पालिकाको आर्थिक ऐनमा समावेश गरिएका आन्तरिक आय तर्फका शिर्षकहरुवाट के कति राजस्व प्राप्त भएको हो सो समेत एकिन नभएकोले पालिकाको एकिकृत आय व्यय विवरण र सुत्रको अनुसुची ११ मा फरक परेको रकम रु ३ करोड ८२ लाख ३० हजारको सम्वन्धमा स्पष्ट गर्नुपर्ने देखिन्छ। | |
| १३. | **मू.अ. कर रकम असुल नभएकोः** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ को (३) मा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपालस्थित संघ सस्था वा नियोग वा मुल्य अभिवृद्धि कर नलाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने सार्वजनिक सस्थानले मुल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवा विक्रि गर्दा कर असुल गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष कालिगण्डकी नदि किनारका विभिन्न घाटहरुको ढुंगा गिटी वालुवाको विक्रि गर्ने सम्वन्धमा मिती २०७६ मंसिर ३ गते र पौष ३ गते कार्यपालिकावाट निर्णय गरी रु.१०३६७८७९।०० शुल्क लिने गरी विना प्रतिष्पर्धा इ.के.के. इन्फ्रास्ट्रक्चर लिमिटेडलाई ढुंगा गिटी वालुवा प्रयोग गर्न स्विकृती दिएको छ। यसरी कार्यपालिकावाट भएको निर्णयमा उक्त विक्रि परिमाणवारे स्पष्ट उल्लेख नभएको तथा लेखापरीक्षणको क्रममा प्रारम्भिक वातावरण प्रभाव मुल्यांकन प्रतिवेदन माग गर्दा उपलव्ध नभएकोले के कति परिमाणमा विक्रि गर्न मिल्ने र सोको अनुगमन पनि पालिकावाट नभएकोले कति परिमाणमा उत्खनन भएको हो सो सम्वन्धमा एकिन गर्न सकिएन। पालिकामा प्राप्त भएको रकम रु.१०३६७८७९।०० मा मुल्य अभिवृद्धि कर समेत समावेश नभएकोले प्राप्त रकमको १३ प्रतिशतले हुन आउने रु१३४७८२४।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल गरी राजस्व खातामा दाखिल गर्नुपर्ने रु. | १३४७८२४ |
| १४. | **कोभिड-१९ तर्फः** | |
| | आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ। | |

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै वजेटवाट | ८०२८४६२ | राहत वितरण | २०६९२९९ |
| संघीय कोभिड कोषवाट | ४५६०९५ | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | २२६९२७३ |
| प्रदेश कोभिड कोषवाट | ५००००० | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ८१९६२३ |
| अन्य स्रोतवाट | २५०००० | आइसोलेशन केन्द्र निर्माण | १९४१७२ |

| | | | |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषवाट | ३५०००० | जनशक्ति परिचालन | १९३०००० |
| | ० | स्वास्थ्य पुर्वाधार निर्माण | १०००००० |
| | ० | बाँकी | १३०२१९० |
| जम्मा | ९५८४५५७ | जम्मा | ९५८४५५७ |

**यस** सम्वन्धमा निम्नानुसार देखिएको छ।

- पालिकाले राहात वितरण गर्न खरिद गरेका खाद्यान्न सामाग्री तथा औषधी एवम् स्वास्थ्य उपकरण विना प्रतिष्पर्धा सिधै खरिद गरेको पाइयो।
- क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा खरिद गरीएका सम्पुर्ण सामाग्री हालसम्म पनि पालिकाको कार्यालयमा आइनपुगेकोले कार्यालयमा ल्याई उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- सार्वजनिक खरिद नियमावली अनुसार अमानतवाट कार्य गराउदाँ रु१ लाख सम्मको कार्य एकपटकमा गराउन सकिने भएता पनि पालिकाले वाहिरवाट भित्रिने मानिसहरुको व्यस्थापन गर्न अमानतवाट भुक्तानी दिने गरी जनशक्ती परिचालन गरी रु१९३००००।०० खर्च लेखेको छ।पालिकाले कानुनी व्यवस्थावमोजिम कार्यसम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१४.१. **भरपाई वेगरको खर्चः** ९३।२०७७।०२।१५ दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक र असहायलाई वितरण गरिने राहत सम्वन्धी मापदण्ड, २०७६ मा परिवार संख्याको आधारमा चामल तेल दाल तथा लगाएतका नून खाद्यान्न वितरण गर्नुपर्ने व्यवस्था गरेको छ।पालिकाले वडा हरुमा राहत वितरण गर्नको लागि प्रतिबोरा रु.१४०० का दरले १३०० बोरा चामल,सनफ्लावर तेल प्रति पाकेट रु.७२ का दरले १३०० पाकेट ,मसुरोदाल प्रति केजि रु.११८ का दरले १३०० केजि र आयोनुन प्रति केजि रु.२० का दरले १३०० पाकेट खरिद गरी सोही बमोजिम खर्च गरेकोमा वितरणको भरपाई परीक्षण गर्दा जम्मा १२६८ वोरा चामल,१२६८ पाकेट सनफ्लावर तेल,१२६८ केजी मसुरो दाल र १२६८ पाकेट नुन मात्र वितरण गरेको पाइयो ।बाँकी ३२ वोरा चामल,३२ पाकेट सनफ्लावर तेल र ३२ प्याकेट नुनको भरपाई नभएकोले रु४७७४४ राहत वितरकबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. ४७७४४

१५. **सामाजिक सुरक्षातर्फः**

१५.१. **भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्याविधी २०७५ को परिच्छेद ७ मा यस कार्याविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयको स्विकृती वेगर हातहातै नगद वितरण पाइने छैन भनी वैक मार्फत भत्ता वितरण गर्ने सम्वन्धमा विविध व्यवस्था गरेको छ।पालिकाले यो वर्ष ६ वटा वडा कार्यालयमा भत्ता रकम नगदै वितरण गरेको देखियो।यसरी नगदै वितरण गर्दा निर्देशिकाको उपरोक्त प्रावधान वमोजिम मन्त्रालयको स्विकृती लिएको छैन ।यस सम्वन्धमा सम्वन्धीत निकायले ध्यान दिनुपर्दछ।

१५.२. **एम.आई.एस.मा नभएकालाई भत्ता वितरणः**सामाजिक सुरक्षा संचालन कार्यविधि,२०७५ को दफा ८ मा आगामी आ.व भत्ता पाउने प्रयोजनको लागि एम.आई.एस प्रणालीबाट इन्ट्री गर्ने अन्तिम मिति जेष्ठ नागरिकको हकमा चालु आ.व को माघ १५ गतेसम्म,अन्य लाभग्रहिको हकमा निवेदन प्राप्त भएकै चौमासिकमा नाम दर्ता तथा नविकरण गर्नुपर्ने व्यवस्था रहेको र एम.आई.एस प्रणालिमा दर्ता भएका लाभग्राहीहरुलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा पालिकाले देहायवमोजिमका वडाहरुमा एम.आइ.एस प्रणालीमा इन्ट्री नभएका लाभग्राहीहरुलाइ भत्ता वितरण गरेको पाइयो। एम.आइ.एस प्रणालीमा इन्ट्री नभएका व्यक्तिहरुलाइ भर्पाइको पुछारमा नाम थप गरी कार्यविधि विपरीत भत्ता वितरण गर्ने वितरकबाट असूल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. १९५२००

| सि नं | वडा नम्बर | प्रकार | लाभग्राहिको नाम थर | जन्म मिति | भुक्तानि लिएको चौमासिक | भुक्तानि भएको रकम |
|---|---|---|---|---|---|---|
| १. | ३ | जेष्ठ नागरिक अन्य | मतिप्रसाद श्रेष्ठ | २००५।१।२१ | पहिलो | १२००० |
| २. | ३ | जेष्ठ नागरिक अन्य | खैसरा कानु मगर | २००५।११।२८ | पहिलो | १२००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | ३ | जेष्ठ नागरिक अन्य | प्रेम बहादुर दिस्वा मगर | २००५ | पहिलो | १२००० |
| ४. | ३ | जेष्ठ नागरिक अन्य | जंग बहादुर गाहा मगर | २००५ | पहिलो | १२००० |
| ५. | ३ | जेष्ठ नागरिक अन्य | हर्ष बहादुर पुलामी | २००५ | पहिलो | १२००० |
| ६. | ३ | जेष्ठ नागरिक दलित | टिकाराम दर्जि | २०१५।१।१७ | पहिलो | ८००० |
| ७. | ३ | दलित बालबालिका पोषण | सुमिना विक | २०७५।८।२५ | पहीलो | १६०० |
| ८. | ३ | दलित बालबालिका पोषण | इस्मति परियार | २०७३।४।१२ | पहिलो | १६०० |
| ९. | ३ | दलित बालबालिका पोषण | अमृता विश्वकर्मा | २०७५।१।११ | पहिलो | १६०० |
| १०. | ३ | दलित बालबालिका पोषण | सुस्मिता परियार | २०७५।५।२८ | पहिलो | १६०० |
| ११. | ३ | दलित बालबालिका पोषण | अर्विन परियार | २०७४।९।२२ | पहिलो | १६०० |
| १२. | ३ | दलित बालबालिका पोषण | दिवना दर्जि | २०७५।२।२७ | पहिलो | १६०० |
| १३. | ३ | दलित बालबालिका पोषण | सिमसन सुनार | २०७४।७।१३ | पहिलो | १६०० |
| १४. | ३ | दलित बालबालिका पोषण | सन्दिप विक | २०७५।३।१२ | पहिलो | १६०० |
| १५. | ३ | दलित बालबालिका पोषण | सागर कार्कि | २०७५।११।२२ | पहिलो | १६०० |
| १६. | ३ | दलित बालबालिका पोषण | निर्जल विश्वकर्मा | २०७५।१०।१८ | पहिलो | १६०० |
| १७. | ३ | दलित बालबालिका पोषण | पुस्माराज सार्कि | २०७४।९।५ | पहिलो | १६०० |
| १८. | ३ | दलित बालबालिका पोषण | लक्ष्मि सार्कि | २०७४।९।२० | पहिलो | १६०० |
| १९. | ३ | एकल महिला | शेर कुमारी घर्ति | २०३८।१०।२७ | पहिलो | ८००० |
| २०. | ३ | एकल महिला | पवित्रादेवि गिरी | १९८४।२।५ | पहिलो | १२००० |
| २१. | ३ | एकल महिला | अमृता कार्कि | २०२९।५।२७ | पहिलो | ८००० |
| २२. | ३ | एकल महिला | खिमसरावंशी ठकुरी | २०१०।१।५ | पहिलो | ८००० |
| २३. | ३ | एकल महिला | सुमित्रा लुङ्गेलि | २०१२।१।१७ | पहिलो | ८००० |
| २४. | २ | एकल महिला | तारामाया सिंजालि | - | पहिलो | ८००० |
| २५. | २ | एकल महिला | तारामा रानामगर | - | पहिलो | ८००० |
| २६. | २ | एकल महिला | माया मश्राङ्गी | - | पहिलो | ८००० |
| २७. | २ | एकल महिला | गिता नेपालि | - | पहिलो | ८००० |
| २८. | २ | एकल महिला | हेमन्ति पुलामि | - | पहिलो | ८००० |
| २९. | २ | जेष्ठ नागरिक अन्य | जित बहादुर मग्राती | - | पहिलो | १२००० |
| ३०. | २ | जेष्ठ नागरिक अन्य | मान बहादुर राय | - | पहिलो | १२००० |
| | | | जम्मा | | | १९५२०० |

| | | |
|---|---|---|
| १५.३. | **दोहोरो भत्ता वितरणः** सामाजिक सुरक्षा ऐन २०७५ को दफा १३ मा कुनै नागरिकले यस ऐनको दफा ३ बमोजिम एकभन्दा बढी प्रकारको सामाजिक सुरक्षा भत्ता पाउने रहेछ भने निजले रोजेको कुनै एकमात्र सामाजिक सुरक्षा भत्ता पाउनेछ भन्ने व्यवस्था रहेको छ। निम्नलिखित व्यक्तिहरुले तेस्रो चौमासिकमा एकल महिला र ज्येष्ठ नागरिक दुवै किसिमको भत्ता वुझेको देखिन्छ।यसरी दोहोरो भत्ता बुझ्ने व्यक्तिबाट दोहोरो भत्ता रकम असूल गरि संघीय संञ्चित कोषमा दाखिदा गर्नुपर्ने रु.. | १६००० |

| वडा न. | नाम थर | नागरिकता नम्बर | किसिम | जम्मा रकम |
|---|---|---|---|---|
| ४ | होमकुमारी पुलामी मगर | ७।५१५७ | एकल महिला | ८००० |
| ४ | विभा सार्कि | ७।५७९८ | एकल महिला | ८००० |
| | | | जम्मा | १६००० |

१५.४. **बांकी रकम दाखिला नभएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १६ मा स्थानीय तहले सामाजिक सुरक्षा कार्यक्रमको रकम वडा कार्यालयमार्फत प्रथम चौमासिकको रकम असोज १ गतेबाट दोस्रो हप्ताभित्र दोस्रो चौमासिक माघ १ गतेबाट दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गर्नुपर्ने व्यवस्था छ।सामाजिक सुरक्षा भत्ता वितरणको लागी वडा नं.३मा यम बहादुर झेडि मगरले रु३१३२०००।०० पेश्की लिएकोमा रु= ३१००२००।०० मात्रको भत्ता वितरण गरी वितरण भरपाई पेश गरी पेश्की फछ्र्यौट गरेको देखिन्छ।बांकी रु३१८००।०० फिर्ता गरी बैङक दाखिला गर्नुपर्नेमा रु.३०२०० मात्र दाखिला गरेकाले बांकि रु१६००।०० असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु-- १६००

१५.५. **भत्ता रकम वितरण सम्बन्धि व्यवस्था:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ४, दफा १६ मा स्थानीय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यविधिको पालना भएको पाईएन।जसबाट पाउनुपर्ने लाभग्राहिले समयमै भत्ता नपाएकोले कार्यविधिको पालना गर्नुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

१५.६. **एउटै नागरिकता नम्बरवाट दोहोरो भुक्तानी:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा १९ मा विभागले स्थानीय तहका सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न, स्थानीय तह,विभाग र बैंक\वित्तिय संस्था बीच प्रणालिगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रिकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुन्छ।पालिकावाट तपशिलको व्यक्तिहरूलाई दोहोरो नागरिकता नम्वर उल्लेख गरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ। नागरिकता नम्बर दोहोरो उल्लेख गरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन। पालिकाले दोहोरो नागरिकता नम्बर को सम्वन्धमा वास्तविक लाभग्राही पहिचान गरि वास्तविक लाभग्राहि बाहेकको लाइ भत्ता वितरण भएको भए एकिन गरि असूल गर्नुपर्दछ।

| सि.न. | भुक्तानी पाउने | वडा नं | भत्ताको प्रकार | ना.प्र.नं. | प्रति चौमासिक | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | विष्णुमाया मश्राङगी | २ | एकल महिला | २३३।१५३९ | ८००० | ८००० |
| २ | धनसरा आलेमगर | २ | ज्येष्ठ नागरिक | २३३।१५३९ | १२००० | १२००० |
| ३ | बृखमाया पुलामी मगर | २ | ज्येष्ठ नागरिक | ३९३।२०४९ | १२००० | १२००० |
| ४ | कर्ण बहादुर गरौजा मगर | २ | ज्येष्ठ नागरिक | ३९३।२०४९ | १२००० | १२००० |
| ५ | विनिसरा सुनारी मगर | २ | आंशिक अपाङ्ग | ३६३००३।२३१ | ८००० | ८००० |
| ६ | धनमाया मश्राङगी मगर | २ | आंशिक अपाङ्ग | ३६३००३।२३१ | ८००० | ८००० |
| ७ | सरुमा राना | ४ | ज्येष्ठ नागरिक | ३४१ | १२००० | १२००० |
| ८ | चनिसरा घर्ति | ४ | ज्येष्ठ नागरिक | ३४१ | १२००० | १२००० |
| ९ | टोल बहादुर अस्लामी | ४ | पुर्ण अपाङ्ग | ३४१ | १२००० | १२००० |
| १० | लालमति सारु | ४ | ज्येष्ठ नागरिक | ७।५३५२ | १२००० | १२००० |
| ११ | मोतिसरा गोदामी | ४ | ज्येष्ठ नागरिक | ७।५३५२ | १२००० | १२००० |
| १२ | फोमिसरा राना | ४ | एकल महिला | ३६२०१२ | ८००० | ८००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | नै माया सोति | ४ | एकल महिला | ३६२०१२ | ८००० | ८००० |
| १४ | झपट सार्कि | ४ | ज्येष्ठ नागरिक दलित | ७।५८४८ | ८००० | ८००० |
| १५ | लिला कामी | ४ | ज्यष्ठ नागरिक दलित | ७।५८४८ | ८००० | ८००० |
| | | | | | जम्मा | १५२००० |

१५.७. **नागरिकता नम्बर उल्लेख नगरी भुक्तानीः** पालिकाले तपशिलको व्यक्तिहरूलाई नागरिकता नम्वर उल्लेख नगरी सामाजिक सुरक्षा भत्ता भुक्तानी गरिएको छ। नागरिकता नम्बर उल्लेख नगरी भत्ता वितरण गरिएकोले वास्तविक लाभग्राही पहिचान हुन सकेन।केहि उदाहरण देहायअनुसार रहेका छन्।

| सि.न. | भुक्तानी पाउने | वडा नं | भत्ताको प्रकार | ना.प्र.नं. | प्रति चौमासिक | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | पृथ्वि माया सिनारी | २ | एकल महिला | ० | ८००० | ८००० |
| २ | दिलमाया झेडी मगर | २ | एकल महिला | ० | ८००० | ८००० |

**समानीकरण चालुः**

१६. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यो वर्ष खाना तथा विविधमा रु १३ लाख ४८ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१७. **पदाधिकारीलाई बढी तलब भुक्तनीः** २०३।२०७७।०३।३१ गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ र २०७७ अनुसार स्थानीय तहमा निर्वाचित एवम् मनोनित पदाधिकारीले मासिक रुपमा १२ महिनाको सुविधा तथा १ महिनाको पारिश्रमिक तथा सुविधा वरावरको रकम चाडपर्व खर्च पाउने व्यवस्था भएकोमा पालिकाले भौ नं २।०७६।०६।०९ वाट श्रावण र भदौ महिनाको, भौ नं ८।०७६।०६।१० वाट चाडपर्व खर्च र भौ नं १२।०७६।०७।०१ वाट आश्विन महिनाको पारिश्रमिक भुक्तानी गरेकोमा भौ नं २०३।०७७।०३।३१ वाट वाँकी भनी १० महिनाको पारिश्रमिक तथा सुविधा भुक्तानी गरेकोले वढी भुक्तानी भएको देहायवमोजिम १ महिना वरावरको सुविधाको रकम सम्वन्धित पदाधिकारीबाट असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. ५०१०००

| सि .न. | भुक्तानी पाउने पद नाम | बढी भुक्तानी रकम |
|---|---|---|
| १. | गा पा अध्यक्ष | ४८००० |
| २. | गा पा उपाध्यक्ष | ३९००० |
| ३. | वडाध्यक्ष (६ जनालाई रु १८००० का दरले) | १०८००० |
| ४. | कार्यपालिका सदस्य (६ जनालाई रु १५००० का दरले) | ९०००० |
| ५. | वडा सदस्य (१८ जनालाई रु १२००० का दरले) | २१६००० |
| | जम्मा | ५०१००० |

१८. **यातायात सुविधा वढी भुक्तानीः** गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितीका सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन २०७७ को दफा ४(२) अनुसार पालिकाले पदाधिकारीलाई सवारी साधन उपलव्ध गराएमा अनुसुचीमा उल्लेखित यातयात सुविधा उपलव्ध नहुने व्यवस्था भएकोमा पालिकाले २०७६ कार्तिक ७ गतेवाट लागु हुने गरी विमला वस्ताकोटीसंग गाडी उपलव्ध गराउने सम्झौता गरी गाउँपालिका अध्यक्षले प्रयोग गरेकोमा र अध्यक्षको सुविधा वापतको रकम भुक्तानीमा अनुसुचीमा उल्लेखित दर अनुसार रु१२००० का दरले ९ महिनाको यातयात सुविधा पनि दिएको देखिन्छ।यसरी नियम विपरीत दोहोरो भुक्तानी भएको सुविधा रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु १०८०००

१९. **अनुत्पादक तथा वितरणमुखी खर्चः** स्थानीय शासन सञ्चालन ऐन २०७४ को दफा ७३(६)मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ।पालिकाले सार्वजनिक

श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.४५ लाख ७१ हजार खर्च गरेको देखिन्छ। पालिकाले यस्ता किसिमका खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न र मिति | कार्यक्रम तथा भुक्तानी पाउने संस्थाको नाम | रकम |
|---|---|---|
| ३७/०७६/१०/२० | तिज गित कार्यक्रमको खर्च भुक्तानी महिला सञ्जाल वुलिङटार ३ लाई | १२९७८० |
| ४९/०७६/११/०४ | खेलकुद कार्यक्रम वापत गणेश युवा क्लवलाई भुक्तानी | ४००००० |
| ५२/०७६/११/०६ | तिज गित कार्यक्रम वापत गाउँ सेवा आमा समुह | ४६००० |
| ५६/०७६/११/०७ | भलिवल प्रतियोगिता वापत लेकवेशी युवा क्लवलाई भुक्तानी | १००००० |
| ६१/०७६/११/२२ | वृहत थामवेशी मेला,थामवेशी स्पोर्टस क्लव | ३००००० |
| १०१/०७७/०२/२१ | दोस्रो अध्यक्षकप खेलकुद प्रतियोगिता | ११०५००० |
| १०६/०७७/०२/२३ | खेलकुद कार्यक्रम वापत देउचुली युवा क्लवलाई भुक्तानी | १९०८०५ |
| ११४/०७७/०२/२९ | वुलिङ भलायटार विकास समिती  महोल्सव खर्च | ११००००० |
| ११९/०७७/०३/०२ | डाँडाझरी महोल्सव डाँडाझेरी गैडाकोट विकास समिती | ८००००० |
| १४७/०७७/३/१९ | डिलासिङ सुस्लिङ मगर गित छायाँकन | १००००० |
| १५१/०७७/०३/२१ | अमानी मिडिया प्रा लि वार्षिकोत्सव खर्च | २००००० |
| १६२/०७७/०३/२३ | नवजागरण दलित समुह पञ्चेवाजा वितरण | १००००० |
| | जम्मा | ४५७१५८५ |

२०. **आर्थिक सहायताः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापतको रकम प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था रहेको छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको वित्तीय समानीकरण अन्य सस्था सहायता शिर्षकबाट रु.३ लाख ८६ हजार आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा  चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्

| **गो भौ न र मिति** | **आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम** | **सहायता रकम** |
|---|---|---|
| १८/०७६/०७/०६ | देउती सामुदायिक लघु जलविधुत उपभोक्ता समिती | २५००० |
| १२४/०७७/०३/०४ | पुर्ण वहादुर वि क | १५००० |
| १७७/०७७/०३/०५ | विसरा वि क | १०००० |
| १३१/०७७/०३/०८ | पदमा घिमिरे | १०००० |
| १३३/०७७/०३/०९ | टिकाराम विक | १०००० |
| १३३/०७७/०३/०९ | कृष्ण वहादर घिमिरे क्षेत्री | २०००० |
| १३३/०७७/०३/०९ | टेक वहादुर परियार | २०००० |
| १३३/०७७/०३/०९ | शेर वहादुर राना मगर | २०००० |

| | | |
|---|---|---|
| १३५/०७७/०३/१० | हुम वहादुर विक | २०००० |
| १३७/०७७/०३/११ | विभिन्न ११ घर परिवार | १२५००० |
| १३९/०७७/०३/१६ | ज्यानमाया सार्की | १५००० |
| १४२/०७७०३/१६ | ख्याम वि क | १५००० |
| १४५/०७७/०३/१७ | विपद् व्यवस्थापान वापत ४ जनालाई | ३०००० |
| १४५/०७७/०३/२३ | विपद् व्यवस्थापान वापत ४ जनालाई | ५१००० |
| | जम्मा | ३८६००० |

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२१. **अन्य कार्यालयको खर्चः** स्थानिय तहले खर्च गर्दा मितव्ययी तवरले खर्च गर्नुपर्दछ। पालिकाले भौ नं ६/०७६/०६/१० वाट प्रहरी चौकी वुलिङटार लाई मौलो पुजा गर्न रु १००००।०० भौ नं ०७६/०७/०६ र ७५/०७६/१२/०४ वाट दामोदर वस्ताकोटी स्मृती प्रतिष्ठान नेपाल सस्था स्थापना र वैठक तथा सञ्चालन वापत रु६६१३८।०० गरी जम्मा रु७६१३८।०० खर्च लेखेको छ। गाँउपालिकाको आफ्नो सम्वन्धित कार्यलय वाहेकका अन्य कार्यालयमा खर्च गर्न सोही कार्यालयवाट वजेट व्यवस्था हुने र सोही कार्यालयवाट नियमानुसार खर्च गर्ने भएकोले पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२२. **खर्चको विल भरपाई नभएकोः**११९।०७७।०३।१५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार सार्वजनिक रकम खर्च गर्दा खर्चको बिल भरपाई तथा रित पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने व्यवस्था भएकोमा पालिकामा कार्यपालिकावाट निर्णय गरी देहायअनुसारको महोत्सव खर्चको सोधभर्ना गरेको भुक्तानीमा खर्चको विल भरपाई नपुगेकोले नपुग विल रकम वरावरको रकमको विल पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु ९०५६७

| गो भौ नं मिती | भुक्तानी पाउने व्यक्ती सस्था | प्रायोजन | भुक्तानी रकम | विल रकम | नपुग विल |
|---|---|---|---|---|---|
| ११९/०७७/०३/०२ | डाडाँझेरी गैडाकोट विकास समाज | डाडाँझेरी महोत्सव | ८००००० | ७८७०४३ | १२९५७ |
| ११४/०७७/०२/२९ | वुलिङ भलायटार विकास समिती | वुलिङटार महोत्सव | ११००००० | १०२२३९० | ७७६१० |
| | | जम्मा | १९००००० | १८०९४३३ | ९०५६७ |

२३. **गाडीभाडा वढी भुक्तानीः** पालिकाले कार्यालय प्रयोजनको लागी दैनिक रु ४५००।०० का दरले भाडा र चालकको तलव वापत रु१५०००।०० भुक्तानी गर्ने गरी विमला वस्ताकोटीसंग २०७६ कार्तिक ७ गते सम्झौता गरी पौष मसान्तसम्मको भाडा भुक्तानी गर्दा ८३ दिनको रु३७३५००।०० र चालक खर्च रु४१५००।०० गरी जम्मा रु ४१५०००।०० भुक्तानी गर्नुपर्नेमा ४७६५००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु ६१५००।०० मा वहाल कर रु ६१५०।०० कट्टी गरी वाँकी रकम असूल गर्नुपर्ने रु ५५३५०

२४. **फरक दर राखी भुक्तानीः** ११८।०७७।०३।०९ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्वन्धित कार्यको स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले खहरे ठुलो कुलो निर्माण कार्य वापत खहरे ठुलो कुलो निर्माण उपभोक्ता समितीलाई भुक्तानी गर्दा cement masonary wall 1:4 को दर विश्लेषण गर्दा रु ८७७०।०० राखी दर विश्लेषण गर्नुपर्नेमा रु १००१६।०० राखी दर विश्लेषण गरेको पाइयो। यसरी प्रतिघनमिटर रु१२४६।०० वढी दर विश्लेषण गरी कुल १४.३४ घ मि कामको वढी भुक्तानी भएको रकम सम्वन्धीत उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु १७८६८

२५. **सफ्टवेयर खरिदः** १६५।०७७।०३।२४ पालिकामा योजना व्यवस्थापन सफ्टवेयर प्रणाली जडान गर्ने भनी रिर्टनजिरो इन्फोसेस प्रा लि लाई रु ४९३३५१।०० भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म उक्त सफ्टवेयर प्रयोगमा नआएको र सफ्टवेयरको जिन्सी आम्दानी वाँधेको पनि पाइएन। पालिकामा यस सम्वन्धमा सोधपुछ गर्दा सफ्टवेयरको युजर नेम र पासवर्ड प्राप्त भएको तर प्रयोगमा नल्याइएको जानाकारी प्राप्त भएकोले पालिकाले उक्त सफ्टवेयर

| | | |
|---|---|---|
| | यथाशिघ्र प्रयोगमा ल्याई सेवा प्रवाहलाई गुणस्तरिय वनाउनुपर्दछ। साथै सफ्टवेयरको जिन्सी आम्दानी वाँधी सो को प्रमाण पेश गर्नुपर्ने रु | ४९३३५१ |
| २६. | **फरक कामको दर राखी भुक्तानीः** १७८।२०७७।०३।२७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्वन्धित कार्यको स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले चुलिवोझा गाउँघर क्लिनीक मर्मत कार्यमा माटोको गाह्रोको दर विश्लेषण रु ४५६०।०० राखी दर विश्लेषण गर्नुपर्नेमा uncoursed rubble masonary work को दर रु८४७२।०० राखी दर विश्लेषण गरेको पाइयो। यसरी माटोको गाह्रोको काम भएकोमा सिमेन्टको गाह्रोको काम भनी प्रतिघनमिटर रु३९१२।०० का दरले ६.२६ घ मि कामको वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु | २४४८९ |
| २७. | **बील भरपाई वेगरको खर्च** २०८।२०७७।०३।३१ आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा खर्च गर्दा सार्वजनिक निकायले सो खर्चलाई प्रमाणित गर्ने बील भरपाई तथा रीत पुगे नपुगेको जाँच गरी लेखा राख्नुपर्ने ब्यवस्था भएकोमा पालिकाले कार्यापालिकाको निर्णयअनुसार मकैको वालीमा किरा लागेको औषधी उपचार गर्ने भनी न्यु पोखरा कृषि सामाग्री भण्डारवाट रु४५००००।०० को ३००० जिकेयर खरिद गरेकोमा सोको प्रयोग एवम् वितरण भएको कागजात पेश नभएको तथा उक्त औषधी स्टोरमा समेत नभएकोले खरिद गरेको औषधीको वितरणको भरपाई पेश गर्नुपर्ने रु | ४५०००० |
| | **वित्तीय समानीकरण पूँजीगतः** | |
| २८. | **अग्रिम करकट्टी नगरी भुक्तानीः**१७१।२०७७।०३।३१आयकर ऐन, २०५८ अनुसार सार्वजनिक निकायले ५० हजारभन्दा वढी रकमको भुक्तानी दिदाँ भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतको दरले अग्रिम कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले देवकाली गाई भैसीपालक कृषक समुह लाई रु १० लाख अनुदान दिएकोमा अग्रिम आयकर कट्टी नगरी भुक्तानी गरेकोले १.५ प्रतिशतले हुने रकम सम्वन्धित कृषक समुहवाट असूल गर्नुपर्ने रु | १५००० |
| २९. | **कार्यसम्पन्नमा वढी परिमाणः** १७४।२०७७।०३।३१ स्वामिडाँडा वुढादी हुदै दमौलीखोला मोटरवाटो निर्माण उपभोक्ता समितीलाई रु ५४१२८२।०० भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदनमा ४५**cm** र ६०**cm** को ह्युम पाइप २/२ वटा गरी ४ वटा ह्युम पाइप प्रयोग भएको देखाइएकोमा ह्युम पाइप खरिदको विलमा ६०**cm** को २ वटा ह्युम पाइप मात्र खरिद गरेको देखिन्छ। यसरी खरिद नभएको पाइपको कार्यसम्पन्न वनाई भुक्तानी भएको २ वटा ४५**cm** को ह्युम पाइपको (५ मिटरको) प्रतिमिटर रु ५७५३ ले हुने रकम सम्वन्धित उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु | २८७६५ |
| ३०. | **आनुपातिक कट्टी नगरेकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ विल र मुल्याङकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप कार्यालयवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष संचालित निम्न योजनाको निम्नानुसार सम्झौता रकम भन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी गर्दा घटी कार्यको आनुपातिक कट्टी गरी भुक्तानी गरेको पाईएन । नियमावलीको व्यवस्था तथा सम्झौता विपरीत उपभोक्ता समितिलाई वढी भुक्तानी भएको रु.६६७३३४।०० सम्वन्धित उपभोक्ता समितिवाट असूल गर्नुपर्ने रु..... | ६६७३३४ |

| गो.भौ.न. | योजना / कार्यक्रमको नाम | लागत अनुमान | कार्यालयको अनुदान | मुल्याङकन | मुल्याङकन वमोजिम भुक्तानी हुनुपर्ने | भुक्तानी | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १६।०७७।३।२८ | भल्टार खोप केन्द्र निर्माण उपभोक्ता समिति | ४८४०९९९ | ४००००० | ३७६०५७ | ३०९६८२ | ३८०८४५ | ७११६३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४८।०७७।२।२ | सृजना प्रा वि को छानो मर्मत | २२४१८४ | २००००० | १९५५६८ | १७४४६६ | १९४००० | १९५३४ |
| ६५।०७७।३।२ | सेती नाग मा वि भवन निर्माण | १८०६७०४ | १५०००००० | १६१७३२८ | १३४२७०६ | १४५५००० | ११२२९४ |
| ९४।०७७।३।२२ | हात्तिगौंडा खानेपानी योजना | १४३०३५९ | १०००००० | १२५५८९३ | ८७७९९५ | ९७०००० | ९२००५ |
| १०६।७७।३।२३ | वन पिपल लापाखोला मोतरवाटो | ३६०२५५ | २००००० | २४८८२३ | १३८१२२ | १९४००० | ५५८७८ |
| १२८।७७।३।२७ | चुली वोझा ढल निकास | ७६३३३६ | ६००००० | ७३७९१० | ५८००१४ | ६००००० | १९९८६ |
| १२९।०७७।३।२७ | ताले सुर्यघाट मोटर वाटो | ६००२३७ | ४००००० | ४८१८६० | ३२१११३ | ३८५४८७ | ६४३७४ |
| १५८।०७७।३।२९ | वडा कार्यालय भवन वडा नम्वर ४ | २३७१६०३ | १८९७२८२ | २३४४४०७ | १८००७६३ | २०३२८३३ | २३२१०० |
| | जम्मा | | | | | | ६६७३३४ |

३१. **स्वीकृत नर्मस भन्दा वढी दरम भुक्तनीः** निम्नानुसारको भौचर नम्वर र मितिवाट नरम माटो खन्ने र साइड कटिङ गर्ने कार्यको लागि स्थानीय सडक तथा पुर्वाधार विकास विभागको स्वीकृत नर्मस अनुसार १ घ. मी. माटो खन्ने कार्यको लागि रु. २९८।५० लाग्ने देखिएकोमा mercy soil को प्रति घ.मी. १ जना ज्यामी लाग्ने गरी दर विष्लेषण गरी प्रति घ.मी.रु. ५९७।४० को दरले भुक्तानी गरेको देखीएकोले रु. २९८।९० का दरले वढी भुक्तानी भएको सम्वन्धित उपभोक्ता समितिवाट अशूल गर्नु पर्ने रु. २०४६५५

| गो.भा.न र मिति | योजनाको नाम | घ.मी | वढि भुक्तानी दर | रकम |
|---|---|---|---|---|
| ८७।०७७।३।१७ | पेलेगा स्वास्थय ईकाइ निर्माण | १६.३२ | २९८.९० | ३७९६ |
| ९१।०७७।३।२१ | छत्तिसा देवि मा.वि को पर्खाल घेरावार निर्माण | १०४.९८ | २९८.९० | २५२८१ |
| ९१।०७७।३।२१ | टुकुल्दी कोटडाँडा गोरेटो वाटो निर्माण | ४४२.८६ | २९८.९० | १००१६४ |
| ९३।०७७।३।२१ | अर्खले ल.ज.वि. परियोजना | ११.२९ | २९८.९० | २८०५ |
| | वोर्ट टारी माथिल्लो कुलो मर्मत | ११९.५६ | २९८.९० | २९७०४ |
| १०४।०७७।३।२३ | कामधेनु प्रा.वि खानेपानी योजना | ८८.२० | २९८.९० | २२७९६ |
| १२५।०७७।३।२६ | सिगुवा ढल निकास तथा वाटो सुधार | ५३.०४ | २९८.९० | १३४६२ |
| १४७।०७७।३।२९ | सुनारथुम्की स्वास्थ्य इकाइ भवन निर्माण | २२.५ | २९८.९० | ६६४७ |
| | | | जम्मा | २०४६५५ |

३२. **मुल्य अभिवृद्धि कर कट्टा नगरेकोः**मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ग वमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तरगत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायअनुसारको भुक्तानीमा मुअकर कट्टा नगरेकोले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा मुल्य अभिवृद्धि कर दाखिला भएको मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रु... ४२२७६४

| गो.भौ.न र मिति | फर्मको नाम | कूल भुक्तानी | मु.अ कर रकम | ५० प्रतिशतले हुनेमु.अ.कर |
|---|---|---|---|---|
| १७६।०७७।३।३१ | रेज मोटर्स प्रा. लि. | ६८७५००० | ७९०९२९ | ३९५४६४ |
| १६०।०७७।३।३० | w.r.c Engineers प्रा. लि. भरतपुर | ४७४६०० | ५४६०० | २७३०० |

| | | | | |
|---|---|---|---|---|
| | | जम्मा | | ४२२७६४ |

३३. **परामर्श खर्चः** १६०।०७७।३।३० थानचोक खानेपानी योजना र देभपुरी खानेपानी योजनाको डिटेल प्रोजेक्ट रिपोर्ट तयारीको लागि ३ वटा परामर्शदातावाट कोटेशन माग गरी सवै भन्दा कम कवोल गर्ने wrc engineers प्रा. लि. लाई डिपिआर तयार गरे वापत मुल्य अभिवृद्धि कर समेत रु. ४७४६००।०० भुक्तानी गरेकोमा उक्त योजनाहरुको डिटेल प्रोजेक्ट रिपोर्ट पेश नभएकोले रिपोर्ट पेश हुनुपर्ने अन्यथा उक्त रकम अशूल हुनु पर्ने रु ४७४६००

३४. **अग्रिम कर कट्टा नगरेकोः** १६०।०७७।३।३०- आर्थिक ऐन २०५८ को दफा ८९ अनुसार रु.५० लाख भन्दा वढीको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था उल्लेख छ । कार्यालयले परामर्श सेवा खरिद वापत wrc ईन्जिनियर्स प्रा. लि. लाई मुल्य मुल्य अभिवृद्धि कर समेत रु.४७४०००।०० भुक्तानी गरेकोमा अग्रिम कर कट्टा नगरेको रु. ६२९२।०० अशूल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु.. ६२९२

३५. **वाटो मर्मत तथा सरसफाईः** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम अनुसार लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम १२३ (१) वमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा खण्ड (ख) वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल वा विजकको भुक्तानी गर्न सक्ने व्यवस्था रहेकोमा कार्यालयले यस गाँउपालिकाको वडानम्वर १ देखी वडा नम्वर ६ का विभिन्न स्थानमा वाटो विस्तार तथा मर्मत र वर्षातमा वाटो सफा गरेको भनि विना प्रतिष्पर्धा सम्झौता वेगर, लागत अनुमान स्वीकृत नगरी ,प्राविधिक नाँप जाँच नगरी र कार्यसम्पन्न प्रतिवेदन वेगर देहायको गोश्वारा भौचर नम्वर र मितिवाट कार्यापालिकाको २०७६।१०।२३ को निर्णयअनुसार निम्नानुसारका फर्महरुलाई रु.१०६७७३६२।०० भुक्तानी गरेको देखिएकोले अनियमित देखिएको रु.............. १०६७७३६२

| गो.भौ.न./ मिति | फर्मको नाम | रकम |
|---|---|---|
| ४०।०७७।२।२० | गौरीशंकर मल्टी विजनेस प्रा.लि | १६८४६९६ |
| | राना मगर सप्लायर्स | २६५९७५० |
| ४१।०७७।२।२० | गौरीशंकर मल्टी विजनेस प्रा.लि | २२१७९८३ |
| ५१।०७७।२।२३ | खण्डलुक कन्सट्रक्सन एण्ड सप्लायर्स | ४५५००० |
| | सगुन निर्माण सेवा | ६९०२५३ |
| ७४।०७७।३।४ | सगुन निर्माण सेवा | १००७००४ |
| | सुनारी निर्माण सेवा | ६७४५०३ |
| ८४।०७७।३।२६ | निर्मार्ण कन्सट्रक्सन | ५७४२७२ |
| १४५।०७७।३।२९ | राना मगर सप्लायर्स | ७१३९०१ |
| | जम्मा | १०६७७३६२ |

३६. **सवारी साधन खरिदः** सार्वजनिक निकायले सवारी साधन खरिद गर्नु पर्ने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) वमोजिम उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा ( क्याटलग सपिङ ) विधिवाट समान स्तरको मालसामामन उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक विक्रेतालाई कम्तीमा ७ दिन देखी वढीमा १५ दिन सम्मको लिखित सुचना दिई प्रतिस्पर्धा गराई खरिद गर्न सक्ने र विधुतीय कारोवार निर्देशिका २०७४ को वुँदा नम्वर ३५ अनुसार रु. ६० लाख भन्दा माथिको मालसामान खरिद गर्दा अनिवार्य रुपमा ईविडिङको माध्यमद्धारा खरिद गर्नुपर्ने उल्लेख छ।कर्यालयले यस वर्ष विधुतिय वोलपत्र (इ.जि.पी) को प्रक्रिया पुरा नगरी २०७७।०१।०९ मा राष्ट्रिय दैनिक पत्रिकामार्फत वोलपत्र आह्वान गरी कार्यालयमै उपस्थित भई पेश गरेको एकमात्र वोलपत्रदाता मार्फत रु६८७५०००।०० मा गाडी खरिद गरेको छ।उल्लेखित सार्वजनिक खरिद ऐन नियम र स्पेशिफिकेसन विना सुचना दिई वोलपत्र आव्हान गरेको र खरिदको लागि कार्यपालिकावाट

| | | |
|---|---|---|
| | नीतिगत निर्णय नभएको हुँदा सो लेखामान निर्देशिका र सार्वजनिक खरिद प्रकृया विपरित भुक्तानी दिन मनासिव नदेखिएकोमा पनि गाँउसभावाट वजेट विनियोजन भएको र कोरोना लगाएतका कारणले केही प्रकृया पुरा नभएतापनि सो रकम भुक्तानी दिने भनि मिति २०७७।३।३० मा कार्यालय प्रमुखवाट सदर भई रेज मोटर्स प्रा. लि वाट खरिद गरी गोश्वारा भौचर नम्वर १७६।०७७।३।३१ मा मुल्य अभिवृद्धि कर समेत रु.६८७५०००।०० खर्च लेखेको नियम सम्मत नदेखिएको रु... | ६८७५००० |
| ३७. | **वढी भुक्तानीः**७७।०७७।३।५- सुनार थुम्की कुलो सिंचाई मर्मतका लागि २०७७।३।१ मा सम्पन्न गर्ने गरी २०७६।११।७ मा सम्झौता भई रु.५०००००।०० उपभोक्ता समितिलाई खर्च लेखेकोमा जिल्ला दर रेट भन्दा वढिका दरले भुक्तानी भएको अशूल गर्नु पर्ने रु. | ३९७२६ |

| विवरण | र.मी. | मुल्याङकन हुनुपर्ने दर | मुल्याङकन भएको दर | फरक दर | उपभोक्ता समितिको अंश घटाएर वढी भुक्तानी |
|---|---|---|---|---|---|
| HDP pipe 8 ,४ | १२० | १६६३।९२ | १९१४।२५ | २५०।३३ | २४७७६ |
| HDP pipe 8 ,6 kg | ४१ | २३७०।८५ | २७२७।०८ | ३५६।७२ | १४९५० |
| जम्मा | | | | | ३९७२६ |

| | | |
|---|---|---|
| ३८. | **पेश्की जमानत पेश नभएकोः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२ ( क ) मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपुर्तिकर्ता , निर्माण व्यावसायी वा सेवा प्रदायकवाट अग्रिम वैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नवढने गरी पेश्की दिन सक्ने व्यवस्था रहेको छ। कार्यालयले सम्राट विल्डर्स प्रा.लि. एण्ड सप्लायर्सलाई वृहत खानेपानी योजना निर्माणको लागि गोश्वारा भौचर नम्वर १८४।०७७।३।३१ वाट रु.१६०००००।०० पेश्की दिएकोमा पेश्की जमानत पेश नभएकोले जमानत पेश गर्नु पर्ने रु..... | १६००००० |
| ३९. | **मुल्य अभिवृद्धि कर वढी भुक्तानीः१२४।०७७।३।२६-** लादिखोला चापरहा लघु जलविधुत आयोजना मर्मत कार्यवापत लघु जलविधुत उपभोक्ता समितिले मुल्य अभिवृद्धि कर समेत रु. ६४७४१२।०० को विल पेश गरेकोमा मुल्य अभिवृद्धि कर समेत रु.८८१२६०।०० मुल्याङकन भई भुक्तानी भएकोमा रु.२६९०२।०० कर विजक वेगर वढी मुल्य अभिवृद्ध कर भुक्तानी भएकोले अशुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने रु. | २६९०२ |
| ४०. | **सम्झौता,प्राविधिक मुल्याङकन र कार्यस्वीकार प्रतिवेदन वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सवीकृत विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ ।गोश्वारा भौचर नम्वर १११।०७७।३।२५- वडा नम्वर ३,४,५ र ६ मा अधुरो खानेपानी योजना सम्पन्न गर्न २०७७।३।१० को कार्यपालिकाको निर्णय अनुसार जौवारी खानेपानी योजना उपभोक्ता समितिलाई रु.२६२७१८।०० भुक्तानी दिएकोमा सम्झौता,प्राविधिक मुल्याङकन र कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु... | २६२७१८ |
| | **शिक्षा तर्फः** | |
| ४१. | **बढी निकासाः** गाउँपालिकाले शिक्षकको तलव निकासा गर्दा नयाँ नियुक्ति भएका शिक्षकहरुको तलव विद्यालयमा हाजिर भएको दिनवाट कार्यदिनअनुसार निकासा दिने तथा अवकास हुने शिक्षकहरुको तलव अवकास भएको दिनवाट निकासा रोक्नुपर्नेमा कार्यालयले सोअनुरुप नगरी पुरै महिनाको तलव निकासा दिएको देखिन्छ ।कार्यालयको भौ नं २।२०७६।०६।१० वाट प्रथम चौमासिक तलव निकासी गर्दा देहायवमोजिमका विद्यालयहरुका शिक्षकको कार्यदिनभन्दा वढि दिनको तलव निकासा देखिएकोले वढि निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु--- | ३३९१४ |

| विधालयःत्रिभुवन मा वि | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| शिक्षक | तलव स्केल | तलव भुक्तानी महिना | भुक्तानी भएको दिन | विधालयमा कार्यदिन | वढि दिन | वढि भुक्तानी | कैफियत |
| विष्णुलाला | ४८५८९ | कार्तिक | ३० | २१ | ९ | १४५७६ | कार्तिक २१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रानाभाट | | | | | | | मा मृत्यु |
| शालिकराम वाग्ले | ५२७४० | कार्तिक | ३० | १९ | ११ | १९३३८ | कार्तिक १९ मा अवकास |
| जम्मा | | | | | | ३३९१४ | |

४२. **पाठ्यपुस्तक अनुदानः** विधालय क्षेत्र विकास कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.४.६.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यपन गराई सत्यापित विवरण सम्वन्धित शिक्षा अधिकृतवाट प्रमाणित र एकिन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट वमोजिम कक्षा १ देखी १० सम्म अध्ययनरत विधार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दोस्रो चौमासिकमा पाठ्यपुस्तक अनुदान रकम विधालय खातामा निकासा दिने र विधार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख छ ।यस पालिकामा भौ नं ४।०७६।११।२८ र भौ नं २६।११।२८ वाट पाठ्यपुस्तक, प्रतिविद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री, छात्रवृती तथा विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान वापत जम्मा रु४५६११४५।०० निकासा गरेकोमा हालसम्म पनि शिक्षा महाशाखा तथा विद्यालयवाट IEMIS तथ्याकं अद्यावधिक गरेको पाइएन।पालिकाले नियमको पालना गर्दै IEMIS तथ्याकं अद्यावधिक गरि कार्य सम्पादन गर्नुपर्दछ।

४३. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| क्र.स | विद्यालयको नाम | शक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|
| १. | छत्तिसादेवि मावि | १० | १० | ३ | २५४ |
| २. | जनजागृति मावि | ५ | ५ | १ | २२२ |
| ३. | कालिका प्रावि | ३ | ३ | १ | ३० |
| ४. | महेन्द्र प्रावि | ३ | ३ | २ | ३१ |
| ५. | सृजना प्रावि | १ | १ | १ | २९ |
| ६. | वालविकास प्रावि | १ | १ | १ | २० |
| ७. | जनमैत्रि प्रावि | ० | ० | ० | २१ |
| ८. | वडाचुली प्रावि | १ | १ | १ | ६ |
| ९. | देववडाचुलि मावि | ७ | ७ | ४ | १२८ |
| १०. | जिवनज्योती आवि | ५ | ५ | २ | ६४ |
| ११. | झेरिखण्डे आवि | ३ | ३ | १ | ११५ |
| १२. | जनप्रिय आवि | ३ | ३ | १ | २९ |
| १३. | शहिद शुक्र प्रावि | २ | २ | २ | २२ |
| १४. | कालिगण्डकी प्रावि | २ | २ | २ | २८ |
| १५. | दिपेन्द्र प्रावि | २ | २ | १ | १५ |
| १६. | सरस्वती प्रावि | २ | २ | १ | ४० |
| १७. | गोरखनाथ प्रावि | ० | ० | ० | २३ |
| १८. | त्रिभुवन मावि | १९ | १९ | ५ | ४४६ |
| १९. | देवचुली प्रावि | ४ | ४ | ० | ४२ |
| २०. | कालिगण्डकी प्रावि | ३ | ३ | १ | ७८ |
| २१. | बुद्धविकास प्रावि | २ | २ | १ | ६५ |
| २२. | ज्ञानोदय प्रावि | ४ | ४ | ३ | ५१ |
| २३. | वालविद्या मन्दीर | ३ | ३ | २ | ९४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | जनउत्थान प्रावि | १ | १ | ० | ३० |
| २५. | सेतीनाग मावि | ११ | ११ | ५ | ३१८ |
| २६. | गोरखकाली मावि | ६ | ६ | २ | २७२ |
| २७. | तिनकन्या आवि | ३ | ३ | १ | १२७ |
| २८. | देवचुली आवि | ३ | ३ | २ | ७२ |
| २९. | रम्भादेवी प्रावि | ३ | ३ | १ | ७९ |
| ३०. | सुर्यकिरण प्रावि | ३ | ३ | ० | ५४ |
| ३१. | सिद्धबाबा प्रावि | १ | १ | १ | २५ |
| ३२. | नागढुगा प्रावि | १ | १ | १ | २७ |
| ३३. | दुर्गामाता प्रावि | १ | १ | १ | १८ |
| ३४. | उदय मावि | ८ | ८ | ५ | २६७ |
| ३५. | गोरखनाथ आवि | ५ | ५ | ३ | १२१ |
| ३६. | सरस्वती प्रावि | ४ | ४ | २ | ५४ |
| ३७. | शिशुआश्रम प्रावि | २ | २ | २ | २६ |
| ३८. | शिव मावि | ८ | ८ | ६ | ३१३ |
| ३९. | रामशाह आवि | ५ | ५ | ३ | १०० |
| ४०. | कामधेनु प्रावि | ३ | ३ | १ | ७१ |
| ४१. | विष्णु उदय प्रावि | २ | २ | १ | ३४ |
| ४२. | शिक्षाज्योती प्रावि | १ | १ | १ | २९ |
| ४३. | वालहित प्रावि | १ | १ | १ | १६ |
| | जम्मा | १५७ | १५७ | ७५ | ३९०६ |

यस सम्वन्धमा देहायअनुसार उल्लेख गरिएको छ।

- पालिकाले उपलव्ध गराएको विवरण अनुसार गोरखनाथ प्रा वि मा २३ र जनमैत्री प्रा वि मा २१ जना विद्यार्थी अध्ययनरत रहेकोमा शिक्षक दरवन्दी तथा पदपुर्ती शुन्य देखिन्छ। पालिकाले विद्यार्थी संख्याका आधारमा दरवन्दी तथा पदपुर्ती गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।
- पालिकाको कुल दरवन्दीमा ४८ प्रतिशत दरवन्दी करारवाट भएको देखिन्छ। पालिकाले दरवन्दीमा स्थायी शिक्षक नियुक्तिको लागी ध्यान दिनुपर्ने देखिन्छ।

**स्थानीय पुर्वाधार विकास कार्यक्रम तर्फः**

४४. **उपभोक्ता समितीवाट खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा निर्माणका कार्य मात्र उपभोक्ता समितिमार्फत गराउनुपर्ने उल्लेख भएकोमा कार्यालयले ग्रामिण विधुतीकरण कार्यक्रम अर्न्तगत विधुत पोल खरिद गर्न समेत उपभोक्ता समिति गठन गरी कार्य गरेको देखियो। निर्माणको कार्य वाहेक सामानहरु समेत उपभोक्ता समितिमार्फत खरिद गर्नु उचित देखिएन भने उक्त काम सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रतिकुल समेत देखियो। पालिकाको स्थानीय विकास साझेदारी कार्यक्रम अन्तर्गत उपभोक्ता समिती गठन गरी १३० वटा ७ मिटर लामो फलामे पोल रु ८४७५।०० को दरले रु११५७२५२।०० को पोल खरिद गरेकोमा उक्त पोलको वाँकी काम भए नभएको वारे एकिन हुन सकेन। यसरी निर्माणको तुलनामा खरिदको अंश ठुलो भएको कार्यमा वोलपत्रमार्फत कार्यालयले खरिद गरी गाड्ने तथा निर्माण सम्वन्धी कार्य उपभोक्ता समितीवाट गराउनु पर्दछ।

**स्वास्थ्य तर्फ**

४५. **अधिकार वेगरको कार्यसम्पादनः** निमित्त प्रमुख प्रशासकीय अधिकृत अशोक कुमार श्रेष्ठले बहुक्षेत्रीय पोषण कार्यक्रम संचालनका लागी कर्मचारी आवश्यक परेको भनि पोषण सहजकर्ता पदमा मासिक रु.२२१७० तलव दिने तथा २०७६।७।८ देखि २०७६ पुस मसान्तसम्म म्याद रहने गरी २०७६।७।८ को मितिमा करारीय सम्झौता गरी कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको छ। थप आर्थिक दायित्व पर्ने विषयमा निमित्त प्रमुखवाट कर्मचारी ६०५९८

नियुक्त गरी भुक्तानी गरीएको रकम अनियमित देखिएको रु

४६. **औषधिको लोगो परीक्षणः** गाउंपालिकाले खरिद गरेका औषधिहरुमा नेपाल सरकारको निशुल्क स्वास्थ कार्यक्रमका लागि भन्ने लोगो लगाउनु पर्ने ब्यवस्था छ। पालिकाको भण्डार शाखामा रहेका औषधिहरुमा लोगो परीक्षण गर्दा ३ वटामा INSTITUTIONAL SUPPLY लेखेको पाइयो। जुन स्विकृत लोगोभन्दा फरक देखिन्छ ।

| सि.न | औषधिको नाम | म्याद नाघे ननाघेको | निसुल्क वितरणको लोगो भए नभएको |
|---|---|---|---|
| १ | Primquine | Jun2020 | नभएको |
| २ | Vitimin B complex | Sep2022 | INSTITUTIONal SUPPLY ONLY |
| ३ | Ibuprofen 400mg | Apr2023 | INSTITUTIONal SUPPLY ONLY |
| ४ | Atenolol 50mg | Jun2022 | नभएको |
| ५ | Povidone-Iodine500mg | Sep2023 | INSTITUTIONal SUPPLY ONLY |

४७. **खर्च नियन्त्रणः** ६२।२०७७।३।१६ कार्यालय कामकाजका लागि आवश्यक परेको भनि स्वास्थ शाखा प्रमुख अशोक कुमार श्रेष्ठले VIVO Y12 नामको मोबाईल सेट थान एक रु२१००० मा खरिद गरी सोको विलभौचर पेश गरि पालिकाबाट सोको भुक्तानी भएको देखिन्छ ।यस्तो प्रकृतिको कार्यले पालिका लाइ थप आर्थिक भार पर्ने देखिएकोले यस्ता प्रकृतिका खर्च नियन्त्रणमा पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

४८. **औषधी खरिदः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर विभिन्न सप्लायर्सवाट रु २० लाख ४९ हजारको औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४९. **प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ। गाँउपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सिचाई कुलो निर्माण, ग्रामिण सडक निर्माण र निर्माण खानेपानी तथा पधैंरो कार्यमा रु १२ लाख ३७ हजार खर्च भएको देखिन्छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय तहको रोजगार सेवा

केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन। वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन। कार्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन । आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ ।

५०. **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औंल्याएका व्यवहोराहरु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुंदासम्म फछ्र्यौट नभएका व्यहोराहरु निम्नानुसार रहेका छन्। ८९६६७

| गो भौ नं मिति | वेरुजुको संक्षिप्त व्यहोरा | रकम |
|---|---|---|
| | **असूल गर्नुपर्ने** | |
| ४२।०७६।१०।०१ | प्रमुख प्रशासकिय अधिकृत टिका व गोदारले सरुवा भई आउदा दैनिक भ्रमण भत्ता वढी भुक्तानी लिएको | ८००० |
| १३५।०७७।०३।२८ | भयलटार सिञ्चाई उ स लाई कन्टिन्जेन्सी कट्टा नगरी भएको भुक्तानी | ४३५०० |
| १७१।०७७।०३।३० | देवकाली गाईभैसी पालक कृषक समुहलाई अग्रिक कर कट्टा नगरी भुक्तानी | १५००० |
| ६० | पशु प्राविधिक नर व चितौरेलाई पारिश्रमिक करकट्टी नगरी भुक्तानी | ९३०० |
| | **अनियमित** | ० |
| ०७६।११।२९ | प्रमुख प्रशासकिय अधिकृत टिका व गोदारले आधार वेगर छुट भनी स्थानीय भत्ता लिएको नियमसम्मत नभएको | १३८६७ |
| | जम्मा | ८९६६७ |

५१. **मोविलाइजेसन पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा गाउँपालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार समयमै फछ्यौट गर्नुपर्ने देखिन्छ।

| गो भा नं/मिति | पेश्की लिनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ५६/२०७७/०२/२९ | जलदेवी कन्ट्रक्सन वुलिङटार ३ | घोडाखोर दरै गाँउ मोटरवाटो ग्राभेल | ४२०००० |
| १६४/२०७७/०३/३० | देवचुली निर्माण सेवा | वडा नं ३ ४ ५ ६ खानेपानी योजना | १२००००० |
| १७२/२०७७/०३/३० | खण्डलुक कन्ट्रक्सन | गाउँपालिकाको भवन निर्माण | ९५०००० |
| १८४/२०७७/०३/३१ | सम्राट कन्ट्रक्सन | वडा नं ३ ४ ५ ६ खानेपानी योजना | १६००००० |
| | | जम्मा | ४१७०००० |

५२. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसार व्यक्ति, उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने

| | | |
|---|---|---|
| | रु... | ८८२३२६ |

| गो भा नं/मिति | पेश्की लिनेको नाम | वापत | रकम |
|---|---|---|---|
| १८/२०७६/११/०७ | लादीखोला जलविधुत आयोजना निर्माण समिती | लादीखोला जलविधुत आयोजना | २००००० |
| ६/२०७६/१२/०६ | कुखुरेजोर खोला झोलुङ्गेपुल निर्माण उ स | कुखुरेजोर खोला झोलुङ्गेपुल | ३६७३२६ |
| ५०/२०७७/०२/२२ | सिहदार पुल मर्मत उपभोक्ता समिती | सिहदार पुल मर्मत | ९०००० |
| १२/२०७७/०३/०९ | दोभान झोलुङ्गे पुल निर्माण उपभोक्ता समिती | दोभान झोलुङ्गे पुल निर्माण | २२५००० |
| | | | ८८२३२६ |

अनुसु च १

## पा लकाको सं चतकोषको  ववरण

## २०७६।०७७

प्रदेश: गण्डकी (रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | | आय | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | बुलिङटार गाउँपालिका | नवलपरासी व सु पुर्व | ४३२५२ | २३४९८८ | ४८१२९ | १०३६३ | १६७२१ | ३१०२०१ | १५६४६४ | ७६८८१ | ३३९१० | २६७२५५ | ८६१९८ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

## २०७६।७७

(रु हजारमा)

| सि नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | वाँकी वेरुजु | | | वाँकी वेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैद्धान्तिक | लगती | | | अनिय मत भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां न लएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | नवलपरासी व सु पुर्व | बुलिङटार गाउँपालिका | २६ | ३६ | ३९०९२ | ० | १४ | १३३७५ | २६ | २२ | २५७१७ | ३८३६ | १७६२७ | ३३७२ | ० | ० | २०९९९ | ० | ८८२ | ८८२ |

अनुसुची ३

## अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | बुलिङटार गाउँपालिका | नवलपरासी व सु पुर्व | ३४१८९ | ० | ३४१८९ | ० | २५७१७ | ५९९०६ |